# राष्ट्रिय सूचना आयोग

## का.म.न.पा.-१० (देवीनगर) काठमाडौं

प. सं. ०७९/८०
च. नं.

### राष्ट्रिय सूचना आयोगको १६ औं राष्ट्रिय सूचना दिवस मूल समारोह कार्यक्रमको प्रेस विज्ञप्ती

नेपालको संविधानमा सूचनाको हकलाई महत्वपूर्ण मौलिक हकका रुपमा स्वीकार गरिएको छ । सबैधानिक व्यवस्थाको कार्यान्वयनका लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ जारी भई कार्यान्वयनमा रहेको छ । तत्कालनि व्यवस्थापिका संसदबाट २०६४ साल साउन ५ गते सूचनाको हकसम्बन्धी ऐन प्रमाणीकरण भएको ३० औं दिन देखि यो कानून कार्यान्वयनमा आएको हो । सोही दिनको सम्झनामा प्रत्येक बर्ष भदौ ३ गते राष्ट्रिय सूचना दिवस मनाउदै आइरहेको छ । माननीय सञ्चार तथा सूचना प्रविधी मन्त्रीज्यूको प्रमुख आतिथ्यतामा भएको उक्त कार्यक्रमको अध्यक्षता आयोगका प्रमुख सूचना आयुक्त श्री महेन्द्रमान गुरुङ्गले गर्नुभएको थियो । उक्त कार्यक्रममा माननीय मन्त्री श्री ज्ञानेन्द्र बहादुर कार्कीले शुभकामना मन्तव्यको क्रममा सरकार लोकन्त्रान्त्रिक मूल्य मान्यता स्थापित गर्न पूर्ण प्रतिवद्धता रहेको र सोका लागि सूचनाको हक प्रभावकारी रुपमा कार्यान्वयन हुनुपर्ने विषयमा जोड दिनुभएको थियो । त्यसैगरी प्रमुख सूचना आयुक्त श्री महेन्द्रमान गुरुङ्गले सुभकामना मन्तव्यको क्रममा यस अगाडीका प्रमुख आयुक्त, आयुक्त, सञ्चारकर्मी र नेपाल सरकारको पहलबाट सूचनाको हक प्रवर्द्धनका लागि गरिएका प्रयासप्रति धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा सूचनाको हकलाई भूई तहका नागरिकसम्म पुऱ्याउन अझै प्रयास गरी लोकतन्त्रको बलियो बनाउन सकिने धारणा व्यक्त गर्नुभयो । यस आयोगका पूर्व सूचना आयुक्त तथा कार्यवहाक प्रमुख सूचना आयुक्त श्री श्री आचार्यले राष्ट्रिय सूचना आयोगलाई स्रोत, साधन सहित थप अधिकार सम्पन्न बनाउनुपर्ने कुरामा जोड दिनुभयो । त्यसैगरी कार्यक्रममा नेपाल पत्रकार महासंघका सभापति श्री बिपुल पोखरेल, सूचनाको हकका लागि राष्ट्रिय महासंघका अध्यक्ष उम्मिद बागचन्दले राष्ट्रिय सूचना

दिवसको अवसरमा सूचनाको हक सम्बन्धी कानून तर्जुमा र कार्यान्वयनमा पत्रकार महासंघ लगायत नागरिकको भूमिका अंहम रहेको कुरा स्मरण गर्दै सूचनाको हक सम्बन्धी अधिकार थप प्रभावकारी बनाउन शुभकामना मन्तव्य व्यक्त गर्नुभयो । आयोगका सचिव श्री दिवस आचार्यले राष्ट्रिय सूचना आयोगको तर्फबाट उपस्थित सबैमा शुभकामना व्यक्त गर्नुभयो । दिवसको अवसरमा आयोगका पूर्व सूचना आयुक्त तथा कार्यवहाक प्रमुख सूचना आयुक्त श्री श्री आचार्यको योगदानको स्मरण गर्दै कदरपत्र सहित सम्मान गरिएको थियो । कार्यक्रममा आयोगका पूर्व पदाधिकारी, पूर्व सचिव, विभिन्न मन्त्रालय र आयोगका सूचना अधिकारीहरु, पत्रकार, संघसंस्थाका प्रतिनिधि, अभिन्ता, आयोगका कर्मचारीहरुको सभागिता रहेको थियो भने कार्यक्रम सञ्चालन आयोगका उपसचिव श्री सीता निरौला फूयाँलले गर्नुभएको थियो ।

कमला ओली थापा

मिति : २०७९ भाद्र ३, शुक्रबार

सूचना आयुक्त
काठमाडौं ।